**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस ५ गते शनिबार ❑ 20 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा दोस्रो इन्डिया-नेपाल टुरिजम मिट सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

नेपाल र भारतबीच पर्यटन सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्य सहित पोखरामा दोस्रो इन्डिया-नेपाल टुरिजम मिट सम्पन्न भएको छ।




नेपाल पर्यटन बोर्डको आयोजना तथा काठमाडौंस्थित भारतीय राजदूतावास र पोखरा पर्यटन परिषद्को सहकार्यमा बिहीबार साँझ सम्पन्न उक्त कार्यक्रममा भारतको उत्तर प्रदेश र नेपालको गण्डकी प्रदेश बीच पर्यटन साझेदारी विस्तारमा विशेष जोड दिइएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे प्रमुख अतिथिका रूपमा सहभागी कार्यक्रममा पोखरा र मुक्तिनाथ क्षेत्रलाई केन्द्रमा राखेर भारतसँग बढ्दो पर्यटन सहकार्य सकारात्मक संकेत भएको धारणा व्यक्त गर्नुभयो । उहाँले धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटन मार्फत दुवै देश लाभान्वित हुनसक्ने दाबी गर्नुभयो । मुख्यमन्त्री पाण्डेले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा कुनै कानूनका कारण कुनै बाधा अबरोध भए त्यसलाई सहजीकरण गर्न सरकार तयार रहेको बताउनु भयो। कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको वर्तमान पर्यटन अवस्था, प्राथमिक स्रोत बजार र दीर्घकालीन रणनीतिबारे प्रस्तुति गर्नु भयो। नेपाल भ्रमण गर्ने विदेशी पर्यटकमध्ये भारत सबैभन्दा ठूलो स्रोत रहेको उहाँले जनाउनु भयो । भारतीय दूतावासका नियोग उप-प्रमुख डा.राकेश पाण्डेले सीमा नाकामा कनेक्टिभिटी सुधारसँगै अन्तरदेशीय पर्यटनमा उल्लेखनीय वृद्धि देखिएको बताउनु भयो। नेपाल र भारतका धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किटहरूको संयुक्त प्रवर्द्धनमा दुवै देशबीच सहकार्य अपरिहार्य रहेको उहाँको भनाई थियो। यस अवसरमा उत्तर प्रदेश पर्यटन विभागका सहनिर्देशक दिनेश कुमारले प्रदेशका प्रमुख पर्यटन सर्किटहरूबारे जानकारी गराउनु भएको थियो। कार्यक्रम अन्तर्गत आयोजित बीटुबी सत्रमा भारतबाट करिब १० जना तथा नेपालबाट ६० जना पर्यटन व्यवसायी तथा टुर अपरेटरहरूको सहभागिता रहेको थियो। सत्रमा स्थलमार्गमार्फत पर्यटन प्रवर्द्धन, बौद्ध सर्किट, वन्यजन्तु, साहसिक तथा आध्यात्मिक पर्यटन क्षेत्रमा सहकार्यका सम्भावनाबारे छलफल गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ । यसै कार्यक्रमको निरन्तरताका रूपमा नेपाल पर्यटन बोर्ड र पोखरा पर्यटन परिषद्को सहकार्यमा उत्तर प्रदेशका प्रतिनिधिमण्डलका लागि मंसिर २९ देखि पुस २ गतेसम्म परिचयात्मक भ्रमण (फ्याम ट्रिप) आयोजना गरिएको परिषदका महासचिव जीबनराज सापकोटाले बताउनु भयो। उक्त भ्रमणमार्फत पोखरा र आसपासका गन्तव्यको प्रत्यक्ष अनुभवले पर्यटन सहकार्य व्यवहारिक तहमा विस्तार हुने अपेक्षा गरिएको पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनुभयो।

उक्त कार्यक्रमले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा टेवा पुगेको पोखरा भ्रमण बर्षका संयोजक गोपी बहादुर भट्टराईले बताउनु भयो।

## दुग्ध क्षेत्रको विकासमा नीतिगत सुधार, बजार सुनिश्चितता र गुणस्तर नियन्त्रणमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

सरोकारवालाले दुग्ध क्षेत्रको दिगो विकासका लागि नीतिगत सुधार, बजार सुनिश्चितता र गुणस्तर नियन्त्रण आवश्यक भएकामा जोड दिइएको छ।

नेपाल डेरी एशोसिएशन गण्डकी प्रदेशको आयोजनामा 'दुग्ध क्षेत्रको अवस्था र चुनौती' विषयक अन्तरक्रियामा एशोसिएशनका अध्यक्ष प्रल्हाद दाहालले दुग्ध क्षेत्र देशको अर्थतन्त्र र ग्रामीण जीविकोपार्जनको महत्वपूर्ण आधार भए पनि पछिल्लो समय लागत वृद्धि, बजार अस्थिरता र नीतिगत अन्योलले उद्योग दबाबमा परेको बताउनुभयो।

उहाँले दीर्घकालीन नीति र कार्यान्वयन बिना यो क्षेत्र टिकाउ हुन नसक्ने जिकिर गर्नुभयो । भेटनरी अस्पताल तथा पशुसेवा कार्यालय कास्कीका बरिष्ठ पशु विकास अधिकृत डा गृष्म न्यौपानेले पशु स्वास्थ्य, गुणस्तरीय दूध उत्पादन र रोग नियन्त्रणमा चुनौती रहेको धारणा राख्नुभयो। पोखरा महानगरपालिकाका आर्थिक महाशाखा प्रमुख मनहर कडरियाले स्थानीय सरकार दुग्ध क्षेत्रको विकासप्रति संवेदनशील रहेको बताउनुभयो। महानगरपालिकाले सहुलियत, प्रवर्द्धन कार्यक्रम र सहकार्यका माध्यमबाट सहयोग गर्न सक्ने उहाँको भनाइ छ।

नेपाल डेरी एशोसिएशन गण्डकी प्रदेशका अध्यक्ष शिवहरि आचार्यले गण्डकी प्रदेशमा दुग्ध क्षेत्रको ठूलो सम्भावना भए पनि आयातित दूध र प्रशोधित दुग्धजन्य पदार्थका कारण स्थानीय उद्योग प्रभावित भएको बताउनुभयो।

## एमालेमा कार्यविभाजनको जिम्मेवारी सचिवालयलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

नेपाल कम्युनिष्ट पार्टी (एमाले) नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठकले केन्द्रीय सदस्यहरूको कार्यविभाजनको जिम्मेवारी पार्टीको सचिवालयलाई दिएको छ। सचिवालयमा १९ पदाधिकारी र केन्द्रीय आयोगका अध्यक्ष रहनेछन्।

पार्टीको ११औं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित कमिटीको शुक्रबारको बैठकले कार्यविभाजनका लागि सचिवालयलाई जिम्मेवारी दिएको पार्टीका उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो। बैठकले केन्द्रीय सदस्यको मनोनयन, पोलिटब्यूरो, स्थायी कमिटी गठन, कार्ययोजनालगायत छलफल गर्न यही पुस २६ देखि २८ गतेसम्म केन्द्रीय कमिटीको दोस्रो बैठक तोकेको छ।

अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भएको बैठकले पार्टीको गत भदौमा भएको दोस्रो विधान महाधिवेशनबाट पारित नीति र कार्यक्रमलाई कार्यान्वयन गर्दै टोलटोलसम्म पार्टी पुग्नुपर्नेमा जोड दिएको छ । उपमहासचिव भट्टले ११औं महाधिवेशनबाट संशोधित विधानलाई आवश्यक सम्पादनसहित एक हप्ताभित्र प्रकाशन गर्ने, केन्द्रीय पदाधिकारीमा नरहेका र सदस्यमा पराजितलगायतलाई केन्द्रीय सल्लाहकार परिषद्मा समेट्ने निर्णय पनि भएको जानकारी दिनुभयो।

बैठकले महाधिवेशन सम्पन्न गर्न योगदान गर्ने आयोजक समिति र सम्बन्धित सबैलाई आभार व्यक्त गरेको छभने केन्द्रीय नेतृत्वमा उम्मेदवारी नदिई बिदाइ भएकाहरूलाई उहाँहरूको योगदानको सम्मान गरेको छ।

भक्तपुरको सल्लाघारीमा गत मङ्सिर २७ गते उद्घाटन भई काठमाडौँको भृकुटीमण्डपमा मङ्सिर २८ गतेदेखि सुरु भएको बन्दसत्र नयाँ नेतृत्व निर्वाचित गर्दै पुस ३ गते औपचारिक समापन भएको थियो। यसैबीच, एमालेको केन्द्रीय अनुशासन आयोगको पहिले बैठक पनि सम्पन्न भएको छ।

## रास्वपा सभापति लामिछाने धरौटीमा रिहा

**रासस**
काठमाडौं, ४ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने शुक्रबार रुपन्देही अदालतबाट रिहा हुनुभएको छ। उच्च अदालत तुलसीपुरको बुटवल इजलासले बिहीबार रविसँग बिगोबापत् जमानत लिएर रिहा गर्न आदेश दिएको थियो।

आदेशअनुसार उहाँलाई जिल्लामै उपस्थित गराएर प्रक्रिया पूरा गरी धरौटीमा रिहा गरिएको हो। रविले पहिल्यै बैंक जमानत बुझाइ सकेकाले कागजी प्रक्रिया पूरा गर्न मात्रै बाँकी थियो । शुक्रबार बिहान पहिलो उडानबाट भैरहवा ल्याउने भनिए पनि खराब मौसमका कारण भैरहवा विमानस्थलमा उडान हुन नसके पछि उहाँलाई भरतपुरसम्म हवाइमार्ग र त्यसपछि सडक मार्ग हुँदै करिब साढे ५ बजे मात्र रुपन्देही जिल्ला अदालतमा उपस्थित गराइएको हो।

अदालतका सूचना अधिकारी पदम अर्यालले रविलाई आजै रिहा गर्नुपर्ने भएकाले आज साँझसम्म अदालत खुलेको बताउनुभयो । रिहा हुँदै रविले भन्नुभयो, "न्याय अझै पाउन बाँकी नै छ। म आशा गर्छु कि देशले चाँडै न्याय पाउनेछ। मैले बोल्ने समय आउँदै छ । केही समय धैर्य गर्नुहोला । मैले धेरै कुरा भन्न बाँकी छ ।" रविले यसअघि जिल्ला अदालतमा जमानत लिएर रिहा गर्न माग गर्दै बैंक ग्यारेन्टी बुझाउनु भएको थियो । जिल्लाले त्यसरी छाड्न नमिल्ने बताउँदै अस्वीकार गरेको थियो । त्यसपछि रवि यही माग लिएर उच्च अदालत पुग्नुभएको हो। उच्च अदालतका न्यायाधीश वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले रविलाई विभिन्न सर्तसहित रिहा गर्न आदेश दिएको थियो।

आदेशअनुसार रविले जिल्ला अदालतले सुरुमा माग गरेको बिगोवापतको दुई करोड ७४ लाख ८४ हजार र एक करोड धरौटी गरी तीन करोड ७४ लाख ८४ हजार प्रभु बैंकमा जमानत बुझाएको जिल्ला अदालतका सूचना अधिकारी पदम अर्यालले बताउनुभयो । पछि फैसला हुँदा धरौटी र बिगोवापतको जमानतभन्दा बढी फैसला भएको खण्डमा स्वीकार गर्नुपर्ने जनाइएको छ । विसं २०८१ माघ १३ गते रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले रविलाई एक करोड धरौटीमा रिहा गर्न आदेश दिएको थियो । तर त्यस विरुद्ध दुवै पक्ष उच्च अदालत पुगेका थिए। उच्च अदालतले २०८१ चैतमा रविलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो।

त्यसपछि उहाँलाई भैरहवा कारागार चलान गरिएको थियो। उहाँले आफूलाई कारागार सरुवा गर्न माग गर्दै निवेदन दिएपछि उहाँलाई रुपन्देही कारागारबाट साउन ३१ गते काठमाडौँ कारागार सरुवा गरिएको थियो । सुप्रिम सहकारीमा रवि, छवि र जीबी राईसहित ४२ जनालाई प्रतिवादी बनाइएको छ । उनीहरूले सहकारीको रु ५५ करोडभन्दा बढी रकम अपचलन गरेको अभियोग छ। रवि, छवि र जीबीसहित चार जनाले यसमध्ये रु १० करोड ९९ लाख ३६ हजार रकम छुट्टै अपचलन गरेको अभियोगमा उल्लेख छ । रविले यही बिगो भाग लगाउँदा आफ्नो भागमा पर्ने जम्मा गरेर रिहा गर्न माग गरेका थिए। जसलाई उच्च अदालतले स्वीकार गरेको हो।

**राष्ट्रिय झण्डाको सम्मान गरौं।**

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैन:**
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## रविमाथि प्रतिशोध साँधिएको हो: उपाध्यक्ष वाग्ले

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ पुस

राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष डा स्वर्णीम वाग्लेले पुराना राजनीतिक दलहरूले गरेका गलत क्रियाकलापलाईललकारेकैकारण रविमाथि प्रतिशोध साँधिएको बताउनुभएको छ।

शुक्रबार यहाँ आयोजित पार्टी प्रवेश कार्यक्रममा वाग्लेले पुराना पात्र र प्रवृतिका विरुद्ध बोलेका कारण पुराना दलहरूले रविमाथि प्रतिशोध साँधेको प्रमाणित हुँदै गएको उहाँले बताउनुभएको हो । उहाँले भन्नुभयो, "रास्वपा सभापतिले गरेको साहस आम युवाका लागि अनुकरणीय छ।"

युवा शक्तिलाई उत्पादनमा जोड्नुपर्नेमा विदेशिन वाध्य पारिएको उहाँको भनाइ छ।

रास्वपाले प्रवासमा रहेका युवाहरूसँग भएको पूँजी र दक्षतालाई स्वदेशमा उपयोग गर्ने गरी योजना अगाडि बढाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'वर्ल्ड पावर लिफ्टिङ च्याम्पियन' शाह नगदसहित सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

श्रीलङ्काको राजधानी कोलोम्बोमा हालै सम्पन्न वर्ल्ड पावर लिफ्टिङ च्याम्पियनसिपमा महिलातर्फ च्याम्पियन बन्न सफल खेलाडी शर्मिला शाह आज पोखरामा सम्मानित हुनुभएको छ।




उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल (हिसान) कास्कीले शाहलाई नेपालबाट प्रतियोगितामा सहभागी बनेर उपाधि जित्दै देशको नाम अन्तरराष्ट्रियस्तमा राख्न सफल भएकामा नगद रु २५ हजार, सम्मानपत्र र दोसल्लाले सम्मान गरेको हो । हिसानको १८औँ संस्करणको स्पोर्ट्स मिटको उद्घाटन समारोहमा पोखरा महानगरपालिका-११ फूलबारी निवासी शाहलाई गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा इन्द्रप्रसाद तिवारीलगायतले सम्मान गर्नुभयो । वर्ल्ड पावर लिफ्टिङ फेडेरेसनको आयोजना र श्रीलङ्का पावर लिफ्टिङ फेडेरेसनको संयोजनमा भएको प्रतियोगितामा शर्मिलाले ८४ केजी समूहमा नेपालका लागि स्वर्ण पदक जितेकी थिइन् । भारत, पाकिस्तान, श्रीलङ्का, अष्ट्रेलिया, रसियालगायत देशका खेलाडी सहभागी भएको सो प्रतियोगितामा नेपाली खेलाडी शर्मिलाले महिलातर्फ उपाधि जित्न सफल भएकी थिइन् । सम्मानित शाहले आफूले विश्व च्याम्पियन बन्न कठिन यात्रा पार गरेको बताउँदै हारबाट सिक्दै अघि बढेमा सफलता हात लाग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पावर लिफ्टिङमा लागेको पाँच वर्षमै मैले वर्ल्ड च्याम्पियन उपाधि जित्न सक्छु भनेर सोचेकी पनि थिइनँ । आत्मविश्वासका साथ निरन्तर लागिपर्‍यो भने सकिँदोरहेछ । देशका लागि उपाधि जित्न पाउनु मेरा लागि गर्वको कुरा हो ।"

पोखरा रङ्गशालामा आजदेखि सुरु भएको १८औँ हिसान स्पोर्ट्स मिटको उद्घाटन कार्यक्रम पोखरा रङ्गशालास्थित बास्केटबल कोर्टमा भएको हो । कार्यक्रममा गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा तिवारीले बदलिँदो परिवेशसँगै खेलकुद क्षेत्र मुलुकको अर्थतन्त्रसँग समेत जोडिँदै गएको उल्लेख गर्दै यसको महत्व झनै बढ्दै गएको बताउनुभयो । "विश्वका धेरै मुलुकहरूको अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा खेलकुद बनेको छ । भारत, चीनजस्ता ठूला देशहरूले खेलकुदलाई विशेष प्राथमिकतामा राखी अर्थतन्त्र सुदृढ बनाउने माध्यमका रूपमा अघि बढाएका छन्"। उहाँले भन्नुभयो । नेपाली खेलकुदको जग बलियो बनाउन सबै सरोकारवाला पक्षको समान दायित्व रहेको जनाउँदै कुलपति तिवारीले गण्डकी विश्वविद्यालयले खेलकुदसम्बन्धी अध्ययन, अध्यापन गराउँदै आएकाले यसबाट खेल क्षेत्रमा आबद्ध युवापुस्ता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । हिसान कास्कीका अध्यक्ष दीवाकार जैशीले स्पोर्टस् मिटमा हिसानमा आबद्ध ८० शैक्षिक संस्थाका चार हजार विद्यार्थी सहभागी रहेको जानकारी दिनुभयो ।



छाताले सजिएको पोखराको हल्लन चोक : पोखरा महानगरपालिका-६स्थित हल्लन चोकमा पर्यटकलाई आकर्षण गर्न सजाइएका रङ्गीचङ्गी छाता । तस्बिर : राधिका कँडेल / रासस

# लेखनाथ महोत्सवमा घन्कियो रत्यौली

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

नेपाली समाजमा विवाहको बेलामा बेहुलाको घरमा गाइने परम्परागत रत्यौली गीत लोप हुँदै गएपछि त्यसो जर्गेना एवं नयाँ पुस्तालाई जानकारी दिन लेखनाथ महोत्सवमा हरेक वर्ष रत्यौली प्रतियोगिता आयोजना गर्ने गरिन्छ । दुलाहाका घरमा विवाहका अवसरमा बालिएको शुभसूचक बत्ती कुर्न भनी जम्मा भएका महिलाले गाउने सामूहिक गीत रत्यौली गीत हो ।



जन्ती हिँड्नुपूर्व दुलाहाका घरमा गरिने कर्मदेखि जन्ती प्रस्थान गरेको र दुलहीका घरमा गरिने कर्मदेखि पुनः दुलाहाका घर भित्रिँदासम्मका अवस्थाको विषयलाई समेटेर रत्यौली गीत गाउने गरिने गरेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका पूर्व केन्द्रीय अध्यक्ष एवं वरिष्ठ लोकदोहोरी गायक प्रजापति पराजुलीले बताए । रत्यौलीमा अश्लीलता हुने आरोप लाग्ने गरेको भए पनि पछिल्ला दिनमा रत्यौली गीत समाजमा पाच्य हुने शब्द समेटेर आउने गरेकाले महोत्सवमा यस्ता प्रतियोगिताको आयोजना हुँदा रत्यौली गीतको संरक्षणमा टेवा पुग्ने पराजुली बताउँछन् । मेला महोत्सवमा यस किसिमको प्रतियोगिता आयोजना गरिदा नयाँ पुस्तालाई रत्यौलीको ज्ञान दिन र यसको संरक्षणमा टेवा पुग्ने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीका पुर्वअध्यक्ष शिवहरि ढुंगानाले भने । रत्यौली गीत गायन र प्रदर्शनमा महिलाको मात्र सहभागिता हुने तथा एकथरी महिलाले बसेर ताली बजाउँदै रत्यौली गाउने गरिने ढुंगानाले वताए । उनका अनुसार त्यही रत्यौली गीतलाई नृत्य र अभिनयले विशेष रोचक बनाउने छ। यो गीत गाउँदा एउटी महिला नर्तकीका रूपमा प्रस्तुत हुने र अर्की महिलाले पुरुषको भेषमा सजिएर पुरुषको नृत्य र अभिनय गर्छन् । पुरुषको भेषमा नाच्ने र अभिनय गर्ने व्यक्तिलाई लुठो भन्ने चलन रहेको छ। रत्यौली गीत आफैँ रोचक हुन्छ भने नर्तकहरूको नृत्य र अभिनयले रत्यौली गायनस्थललाई निकै रमाइलोबनाउनेगर्दछन।महोत्सवको स्टेजमा नौमती बाजासहितको प्रतियोगिताले मेला महोत्सवलाई मात्रै फाइदा पुग्ने नभएर सिङ्गो लोक संस्कृतिको जगेर्ना र नयाँ पुस्तामा रत्यौलीको महत्त्व बुझाउन सहयोग पुग्ने महिला विशेष कार्यक्रमकी संयोजक प्रतिक्षा रानाभाटले वताईन । पुसको महिनामा विवाहको लगन नभए पनि लेखनाथ महोत्सवले भने विवाहको जस्तै पञ्चेवाजाको साथमा बेहुला र बेहुली नै बनाएर विवाह कै जस्तो झल्को दिने गरि रत्यौली गीतलाई स्थान दिएको थियो। महोत्सवको थप आर्कणको रुपमा रहेको रत्यौली प्रस्तुत गर्नको २० बटा समुह पहिलो चरणबाट छनोट भएकामा शुक्रबार नमुना कृषक आमा समुह पोखरा-२६, भरतपोखरी विश्वकर्मा समाज महिला पोखरा-३३ र सरस्वती सामुदायिक महिला समुह पोखरा-३३ ले रत्यौली प्रस्तुत गरेका थिए भने शनिबार गायत्री आमा समुह पोखरा-३२ ले रत्यौली प्रस्तुत गर्नेछ । यस्तै महोत्सवको विद्यालयस्तरीय कार्यक्रम अन्र्तगत शुक्रबार सरस्वती टिका मावि, ओएसिस सेकेण्डरी स्कुल, ज्ञानकुञ्ज विद्याश्रम, सिर्जना बहिरा मावि, अमरसिद्ध नमुना माविको प्रस्तुती रहेको थियो भने शनिबार ४ वटा विद्यालयहरुको प्रस्तुती रहेको विद्यालयस्तरीय कार्यक्रम व्यवस्थापन समितिका सदस्य अर्जुन प्रसाद आचार्यले जानकारी दिए । "महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ पुस ३ गतेबाट लेखनाथमा शुरु भएको २१औं संस्करणको लेखनाथ महोत्सवको दोश्रो दिन ११ हजार दर्शकहरुले अवलोकन गरेका छन भने ४० लाख बराबरको कारोवार भएको महोत्सवका प्रचार प्रसार संयोजक ध्रुबवावु भट्टराईले जानकारी दिए ।

शुक्रबार लोकदोहोरी कलाकारहरु, धनश्याम रिजाल, कुमार पुन, कृष्णा गुरुङ, शिवहरी ढुंगाना, मञ्जु विक, केशव देवकोटा, गगन गुरुङ, अमृता हमाल लगायतले प्रस्तुती राखेका थिए भने बेलुका लाईभ कन्सर्टमा स्थानिय ब्याण्डहरुको प्रस्तुती रहेको थियो। शनिबार लोकदोहोरी कलाकारहरु खुमन अधिकारी, मिरा पोखेल, शान्ता वर्देवा, मधु थापा मगर, गगन गुरुङ र शिवहरी ढुंगानाले प्रस्तुती दिनेछन भने हाँस्यव्यग्यतर्फ राजेन्द्र गिरी( गुन्द्रुके) र बेलुका सुगम संगिततर्फ रचना रिमाल र डेभीड शंकरले प्रस्तुती दिने कलाकार संयोजक भरत कुमार अधिकारीले जानकारी दिए।

# छैटौं टाइगर कप भलिबलको तयारी सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

'छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता-२०८२'को मुल आयोजक र विभिन्न उपसमितिहरु गठन गरी तयारी सुरू भएको छ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा यहि माघ ९ देखि १७ गते सम्म सञ्चालन हुने सो प्रतियोगिताको तयारी सुरू गरिएको संस्थाका अध्यक्ष नारायण प्रसाद शर्माले जानकारी दिएका हुन् । संस्थाको शुक्रबार सम्पन्न बैठकले अध्यक्ष शर्माको अध्यक्षतामा १०७ सदस्यिय मुलआयोजक समिति गठन गर्नुका साथै विभिन्न १४ उपसमिति गठन गरेको जनाएको छ। टाइगर ग्रुपले छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगितालाई ब्यवास्थित बनाउन अतिथी सत्कारको उपसमितिमा संस्थाका उपाध्यक्ष देबेन्द्र केसी र महासचिब प्रकाश बराललाई जिम्मेवारी दिएको छ भने आर्थिक उपसमितिमा कोषाध्यक्ष हरि कुमार श्रेष्ठले जिम्मेवारी पाएका छन् । सम्पन्न बैठकले मञ्च ब्यवस्थापनको उपसमितिको संयोजकमा रामकृष्ण ज्ञवाली, सचिवालयमा डिबी नेपाली, प्रचार प्रसारमा डिआर पोखेल, खेल मैदानमा खुम थापा, स्वयं सेवक एवं सुरक्षामा विरेन्द्र खडका, यातायातमा गोविन्द थापा मगर, प्राविधिकमा याम बहादुर गुरूङ, स्वास्थ्यमा शुक्रराज कंडेल, विदेश समन्वयमा धोज कुमार गुरूङ, सास्कृतिकमा राजु थापा, टिम समन्वय तथा ट्रफी, मेडलमा राज कुमार गुरूङ र आवाशमा शंकर गुरूङलाई संयोजक तोकिएको छ।

टाइगर ग्रुपले गत मंसिर ५ गते नै प्रतियोगिताको संयोजकमा राजकुमार गुरूङ र सहसंयोजकमा डिआर पोखेललाई जिम्मेवारी सुम्पिएको थियो। छैटौ संस्करणको च्याम्पियन हुने टोलीले ६ लाख ६६ हजार ६६६ नगद प्राप्त गर्ने छन् भने उपविजेताले नगद रु ३ लाख ६६ हजार ६६६ तथा तेस्रो हुने टिमले १ लाख ६६ हजार ६६६ हात पार्नेछन्। सो पुरस्कार राशी महिला तथा पुरूष दुबैतर्फ बिजेताले प्राप्त गर्नेछन् । यसै गरी सर्वोत्कृष्ट खेलाडीले नगद रु २६ हजार ६६६ प्राप्त गर्दा अन्य विद्यागत महिला तथा पुरुष उत्कृष्ट हुने खेलाडीले समान नगद रु ११ हजार ६६६ का साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन्। पाचौं टाइगर कप भलिबल प्रतियोगिताको उपाधि गण्डकी प्रदेशलाई पराजित गर्दै नेपाल पुलिस क्लबले जितेको थियो भने महिलातर्फ एपिएफ क्लबलाई पराजित गर्दै आयोजक टोली टाइगर ग्रुपले पहिलो पटक उपाधि जितेको थियो । छैटौ सस्करणको प्रतियोगिता माघ ९ देखि १७ गते सम्म पोखरा रंगशालास्थित भलिबल प्रशिक्षण केन्द्रको खेल मैदान सञ्चालन हुनेछ।

# राधाकृष्ण मन्दिर शान्ति आश्रममा नयाँ कार्यसमिति

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

श्री राधाकृष्ण मन्दिर शान्ति आश्रम पोखरा-३२ श्यामघाट, लामेआहालको ३३ औं साधारणसभा तथा आठौं अधिवेशनले नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

आश्रमको सह अध्यक्षमा रामचन्द्र सिग्देल, उपाध्यक्षमा बिमलाकुमारी थापा बस्नेत, सचिवमा भुलाप्रसाद भण्डारी, सह-सचिवमा भगवती पन्थ र कोषाध्यक्षमा मोहनराज बराल निर्वाचित बन्नुभएको छ। समितिका सदस्यहरूमा चुडामणि वाग्ले, दामोदर पौडेल, मोहनकुमार प्रधान, गुरुप्रसाद पौडेल, ज्योतिप्रकाश तिमिल्सिना र माधवशरण लामिछाने निर्वाचित बन्नुभएको छ। समितिको अध्यक्ष राधाकृष्ण मन्दिर शान्ति आश्रमका पीठाधिश हुने व्यवस्था रहेकोमा हाल मुकुन्दशरण उपाध्याय पीठाधिशका रुपमा रहनुभएको छ । १५ सदस्यीय समिति रहने व्यवस्था बमोजिम तीन जना सदस्य पीठाधिशबाट मनोनयन गरिनेछ । राधकृष्ण गुरुकुल र राधाकृष्ण बृद्धाश्रमको अध्यक्ष दुई जना पदेन सदस्य हुने जनाइएको छ । अधिवेशन सम्पन्न गर्नका लागि खेमराज अधिकारीको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको थियो । समितिका सदस्यहरूमा विश्वराज लामिछाने र कृष्णप्रसाद पाण्डे रहनुभएको थियो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले यस क्षेत्रको समग्र विकासका लागि सबैको एकतावद्ध प्रयास आवश्यक हुने बताउनुभयो । राधाकृष्ण मन्दिर शान्ति आश्रमका पीठाधिश एवम् समितिका अध्यक्ष मुकुन्दशरण उपाध्यायले धेरै संघर्ष गरेर यो संस्था स्थापना भएको बताउँदै यसको विकास र समुन्नतिका लागि सबैले आ आफ्ना स्थानबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।



समितिका अध्यक्ष मुकुन्दशरण उपाध्यायको सभापतित्व एवम् सचिव घनश्याम खनालले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत माधवशरण उपाध्यायाले गर्नुभएको थियो । कार्यक्रममा राधाकृष्ण मन्दिर शान्ति आश्रमका सह अध्यक्ष गणेशबहादुर खत्री, राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयका अध्यक्ष नगेन्द्र रेग्मी, ठाकुरप्रसाद वाग्ले, विश्वराज लामिछाने, हरिप्रसाद खनाल, तुलसीशरण उपाध्याय लगायतले बोल्नुभएको थियो ।

# हजुरआमाको हत्या अभियोगमा नाति पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

पोखरामा आफ्नै हजुरआमाको हत्या अभियोगमा प्रहरीले नातिलाई पक्राउ गरेको छ।

पोखरा महानगरपालिका-३१ बाँसपानीकी ७५ वर्षीया दालकुमारी परियारको यही पुस ३ गते धारिलो हतियार प्रयार गरी हत्या भएको थियो । प्रहरीले घटनामा सङ्लग्न रहेको अभियोगमा मृतकका नाति २२ वर्षीय आशिष परियारलाई शुक्रबार पोखरा-१० बुद्धचोकबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो ।

वृद्धाको हत्यापछि कानमा लगाएको लुटिएको गरगहनासमेत बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका आशिषको साथबाट सुनजस्तो देखिने पहेँलो रङको कानमा लगाउने दुई थान रिङ, तौल ७२ लालको साना मुन्द्राहरु चार थान र घटनामा प्रयोग भएको बञ्चरो र चक्कु बरामद गरिएको हो । हत्या आरोपी आशिषलाई कास्की जिल्ला अदालतबाट कर्तव्य ज्यान सम्बन्धी मुद्दामा सात दिन म्याद थप गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रनाउ बस्नेतले बताउनुभयो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# धवलागिरिवासीको गुनासो- 'हरियाली वनपाखा र हराभरा बगैँचा धुलाम्मे भए'

**सन्तोष गौतम**
म्याग्दी, ४ पुस/रासस



धवलागिरि गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाहरूको निर्माणस्थलमा उड्ने धुलोले वायु प्रदूषण भएको छ। निर्माणस्थलमा चलाइएका डोजरले पाखोमा फाल्ने माटो र मालवाहक सवारीसाधनले उडाउने धुलोका कारण सडकमा हिँडडुल, घाँसदाउरा गर्न समस्या र गाईवस्तुको चरन तथा आहारा घाँसपात नष्ट भएको हो।

मुदी, खिवाङ, बगर, खाम्ला, बास्बोट, सोलवाङ, दर, फलीयागाउँ, खोरवाङ, कौछीनी, बाँसबोट, नाउराका बासिन्दा धुलोले आजित भएका हुन्। धवलागिरि गाउँपालिका-४ छहरीदेखि खारा हुँदै खाम्ला र वडा नं ३ दरदेखि सिम्वाङ हुँदै मुदी जोड्ने सडकमा धुलोले वायु प्रदूषण बनाएको स्थानीयले गुनासो गरेका छन् । मुना-दर-मुदी सडकको सिम्वाङ क्षेत्रमा दरखोला जलविद्युत् आयोजनाको पाइप लाइन निर्माणका लागि डोजर परिचालन गरेर सडकको भित्ता काट्ने काम भइरहेको छ। छहरी-खारा-खाम्ला खण्डको सडकमा अपर म्याग्दी, अपर म्याग्दी-१, म्याग्दीखोलालगायत जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण बोकेका ट्रक, टिपरलगायत मालवाहक सवारीसाधन ओहोरदोहोर गर्छन्। धवलागिरि गाउँपालिका-४ खिवाङका बासिन्दा लीलबहादुर घर्तीले सडकको धुलोले खेतीबाली र मानिसको स्वास्थ्यमा असर पारेको गुनासो गर्नुभयो। "विकासका आयोजना भित्रिएकामा खुसी भएका हामी हरियाली वनपाखा र हराभरा बगैँचा धुलाम्मे हुँदा दुःखी छौँ", उहाँले भन्नुभयो, "विकास होस तर विपद् र वातावरण विनास नहोस् भन्ने हाम्रो अपेक्षा हो।"

खाराका ज्ञानबहादुर पुनले गाईवस्तुलाई खुवाउने घाँस, फलफूल र तरकारीको पातैभरि धुलो थुप्रिएर उपभोग गर्न नसकिने भएको बताउनुभयो । "बगैँचा, खेतबारी र घाँसदाउराका लागि घरबाहिर गएर आउँदा शरीरभरि धुलैधुलो भएर नुहाउनुपर्छ", उहाँले भन्नुभयो, "सुकाएका कपडामा पनि धुलो टाँसिएर फोहर हुन्छ । पानीको स्रोत पनि धुलोले दूषित बनाएको छ। खकार र सिगानमा पनि धुलो मिसिएको आउन थालेको छ।" खाम्लाका बासिन्दा केशरमान पुनले गाडीभित्र सिसा थुन्दा उकुसमुकुस हुने र झ्याल खोले सबै भित्र पसेर धुलाम्मे भइने बताउनुभयो । "मोटरसाइकल र गाडीको पछाडि बसेर यात्रा गर्नेको धुलोले अनुहार पनि नचिनिने अवस्था हुन्छ", उहाँले भन्नुभयो, "जलविद्युत् आयोजनाले धुलो मार्नका लागि सडकमा पानी नहालेका कारण वायु प्रदूषण बढेको हो ।" जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको धुलो र प्रदूषण नियन्त्रण गर्ने प्रतिबद्धता कार्यान्वयन नगरेकाले सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । कात्तिक दोस्रो सातादेखि अकाशबाट वर्षा नभएकाले मौसम सुक्खा छ।

अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले मालिका गाउँपालिका-७ भारवाङमा निर्माणाधीन विद्युत्गृहदेखि छहरीस्थित अडिटसम्म हरेक दिन बिहान र बेलुकी ट्याङ्करबाट सडकमा पानी हालेर धुलो मार्दै आएको छ। खाम्लादेखि बाँध निर्माणस्थलसम्म पनि ट्याङ्करले सडकमा पानी हालेको छ । अपर म्याग्दी जलविद्युत् आयोजनाले घिम्लेटीमा निर्माणाधीन विद्युतगृहदेखि नाउरा हुँदै चेचुङको फेदीमा रहेको अडिटसम्मको सडकमा पानी हालेर धुलो मारेको छ। नाउरादेखि अपर म्याग्दीको बाँध र बगरदेखि माथिकोसडकमापनिधुलोमार्नका लागि सम्बद्ध आयोजनालाई सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो । अपर म्याग्दी-१ जलविद्युत् आयोजनाका प्रमुख ज्योतिकुमार केसीले छहरी-खारा-खाम्ला सडक स्तरोन्नतिको जिम्मा लिएको सहायक ठेकेदारले समयमा काम नगरिदिँदा धुलो नियन्त्रण गर्न नपाएको बताउनुभयो । "हाम्रो सिभिल ठेकेदार लुना विल्डर्समार्फत जिम्मा लिएका स्थानीय सबकन्ट्रक्टरले सडकमा नाली, पर्खाल बनाउन र सोलिङ गर्न ढिलाइ गर्नुभएको छ", उहाँले भन्नुभयो, "सब कन्ट्र्याक्टरले छिटो काम सकिदियो भने धुलो नियन्त्रण र थप काम लगाउन हामीलाई सजिलो हुने थियो।"

लुना विल्डर्सको सहायक ठेकेदार चोचाङ्गी पुन कन्ट्रक्सनका सञ्चालकसमेत रहेका मुदीका बासिन्दा दलमान पुनले आफ्नो जिम्मेवारी सडकको संरचना बनाउने भएको र धुलो मार्ने काम आयोजनाकै भएको तर्क गर्नुभयो । "नाउरादेखि खाम्ला-कल्लेनी क्षेत्रमा ग्याबियन, नाली, मेसिनरी पर्खाल र सोलिङको काम गर्नेमात्रै मेरो जिम्मेवारी हो", उहाँले भन्नुभयो, "धुलोका कारण मजदुरलाई काम गराउन मलाई पनि समस्या भएको छ।"

अपर म्याग्दी जलविद्युत् आयोजनाका प्रमुख रमेश सुवेदीले आफ्नो आयोजना क्षेत्रमा धुलो नियन्त्रण गरेको र नाउरादेखि बगर जोड्ने सडकमा म्याग्दीखोला जलविद्युत् आयोजनासँग साझेदारी गरेर प्रदूषण नियन्त्रणको काम गरिने बताउनुभयो।

# दोभान कपमा सेमीफाइनल समीकरण पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस



रुपाकोटमा जारी प्रथम दोभान कप सेभेन ए साइड फुटबल प्रतियोगितामा सेमीफाइनल समीकरण सम्पन्न भएका छन्।

दोभान क्लबको आयोजनामा जारी प्रतियोगितामा शुक्रबार क्वाटरफाइनलका ४ खेल सम्पन्न भए । पहिलो क्वाटरफाइनल खेलमा खेम माइला मेमोरियलले स्याङ्के गाइजलाई ५-१ गोलले हराउँदै सेमीफाइनलमा प्रवेश गर्ने पहिलो टिम बन्यो।

दोस्रो खेलमा रामघाटले शिशुवालाई ५-२ गोलले हराउन सफल भयो। तेस्रो खेलमा न्यू स्टार ए ले ब्रदर्श फुटबल क्लबलाई २-१ ले हरायो। अन्तिम क्वाटरफाइनल खेलमा पोइमलाई न्यू स्टार बिले २-० ले हराउँदै सेमीफाइनल पुग्ने अन्तिम टोली बन्यो । पोइमले शुक्रबार नै प्रिक्वाटर अन्तरगतको अन्तिम खेलमा पोइमलाई १-० ले हराउँदै अन्तिम आठमा प्रवेश गरेको थियो। प्रतियोगिता अन्तरगत शनिबार सेमीफाइनलसंगै फाइनल खेल सम्पन्न हुनेछन्। पुस १ गतेदेखी सञ्चालन भएको प्रतियोगितामा कुल २४ टिमको सहभागिता रहेको थियो। प्रतियोगिताको उपाधि विजेताले नगद एक लाख रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले ५० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन भने, उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलरक्षकले आकर्षक पुरस्कार प्राप्त गर्नेछन् । दोभान क्लबले स्थापनाकाल देखी खेलकुद संगै विभिन्न सामाजिक कार्यहरु समेत गर्दै आइरहेको छ। पालिकामा क्रियाशिल क्लबले हरेक वर्ष विभिन्न खेल गतिविधि सञ्चालनसंगै युवा जागरुगका कार्यक्रम गरेको छ।

# तनहुँको थर्पु अस्पतालमा आँखा उपचार सेवा सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ४ पुस

जिल्लाको म्याग्दे गाउँपालिका-४ स्थित थर्पु अस्पतालमा नियमित आँखा उपचार सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएको छ। गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बिहीबार आँखा उपचार केन्द्रको उद्घाटन गर्दै यहाँका नागरिकले स्थानीयस्तरमा प्रभावकारी सेवा लिन सक्ने बताउनुभयो।

योसँगै यस क्षेत्रका सर्वसाधारणलाई आँखा उपचारका लागि दमौली वा पोखरा जानुपर्ने बाध्यता अन्त्यका लागि हिमालय आँखा अस्पताल घारीपाटनसँग सम्झौता गरी केन्द्र सञ्चालनमा ल्याइएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अब यहाँका स्थानीयवासीले आँखा उपचारका लागि अन्यत्र जानुपर्दैन । यहाँबाटै नियमित रूपमा उपचारको व्यवस्थाले सर्वसाधारणलाई सहज हुनुका साथै समय र खर्च बचत हुनेछ।" उपचार केन्द्र शुभारम्भको अवसरमा निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको छ । शिविरमा विभिन्न वडाका सर्वसाधारण उपचारका लागि आएका अस्पतालले जनाएको छ । केन्द्र सञ्चालनका लागि प्राविधिकसहित उपकरण हिमालय आँखा अस्पतालले उपलब्ध गराएको छ भने उपचारका लागि अन्य सहयोग म्याग्दे गाउँपालिकाले उपलब्ध गराउने सम्झौता भएको छ। सम्झौता अनुसार आँखा परीक्षण सेवाका लागि म्याग्दे गाउँपालिकाले हिमालय आँखा अस्पताललाई वार्षिक रु छ लाख उपलब्ध गराउनेछ भने बिरामीबाट सङ्कलित रकम गाउँपालिकाको आम्दानीका रूपमा रहने प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रलाई प्रभावकारी एवं गुणस्तरीय रूपमा सञ्चालन गर्न आँखा उपचार केन्द्र सहयोग समिति गठन गरिनेछ । उक्त समितिको संयोजकमा थर्पु आधारभूत अस्पताल व्यवस्थापन समितिको अध्यक्ष हुनेछन् भने सहसंयोजकमा अध्यक्षले तोकेको एक जना समाजसेवी हुनेछन् ।त्यस्तै सदस्यहरूमा म्याग्दे-४ का वडाध्यक्ष, वडा नं ७ का वडाध्यक्ष, हिमालय आँखा अस्पतालका व्यवस्थापक तथा व्यवस्थापकले तोकेको एक जना व्यक्ति, म्याग्दे गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख र सदस्य सचिवमा थर्पु अस्पतालका प्रमुख रहनेछन्।

# पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै चाङ्गा

**कमल खत्री**
म्याग्दी, ४ पुस/रासस



प्राकृतिक सौन्दर्यले भरिपूर्ण मङ्गला गाउँपालिका-५ अर्मनको चाङ्गाधुरी पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेको छ।

समुद्री सतहदेखि दुई हजार २०० मिटर उचाइमा रहेको चाङ्गामा सडक यातायातको पहुँच, खानेपानी र केन्द्रीय विद्युतीकरणको सुविधा विस्तारसँगै प्रचारप्रसारका कारण आन्तरिक पर्यटकको आगमन बढ्न थालेको छ। चाङ्गाखर्कबाट धौलागिरि र अन्नपूर्ण रेञ्जका करिब एक दर्जन हिमालको मनमोहक दृष्यावलोकन गर्न सकिन्छ । पहिलो पटक चाङ्गा क्षेत्रको भ्रमणमा पुग्नुभएका बेनीका विनोद धौलागिरिले चाङ्गाबाट देखिने प्राकृतिक सौन्दर्यसँगै ग्रामीण जीवनशैलीले आफूलाई लोभ्याएको बताउनुभयो । उहाँले स्थानीयले गर्ने परम्परागत कृषि र पशुजन्य उत्पादनलाई पर्यटनसँग जोड्नसकेमा पर्यटन प्रवर्द्धनमार्फत स्थानीयको जनजीवनमा परिवर्तन ल्याउन सकिने बताउनुभयो । चाङ्गा प्रकृति, जीवनशैली र संस्कृतिको सङ्गम मानिन्छ।

यहाँबाट चुरेन, सीता, गुर्जा, मानापाथी, धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र धम्पुस पिक हिमालका दन्तेलहर दृष्यले पर्यटकलाई लोभ्याउने गरेको छ। चाङ्गा क्षेत्रको भ्रमणमा समूहमा पुग्ने पर्यटकलाई स्थानीयले मौलिक भजनकृतन र नाचगान गरेर कला संस्कृतिमा रमाउन पाउने प्रबन्धसमेत मिलाइएको छ। पर्यटन सम्भावनाले भरिपूर्ण रहे पनि ओझेलमा परेका कारण गाउँपालिका र वडामार्फत पूर्वाधार निर्माण तथा प्रचार प्रसारको काम अघि बढाइएको मङ्गला-५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले बताउनुभयो।

उहाँका अनुसार चाङ्गा खर्कमा वनभोजस्थल चाङ्गा नजिकै रहेको चुलीको धुरीमा पार्क बनाउने तयारी गरिएको छ । गुराँसे जङ्गलमा झाडी फडानी गरेर लालीगुराँसको संरक्षण गरी पर्यटकीय आकर्षण बढाउने योजना बनाइएको छ। "स्थानीयवासी र पर्यटकको सुविधाका लागि शुद्ध खानेपानी र केन्द्रीय विद्युतीकरण विस्तार भएको छ, चाङ्गा खर्कको पाखोबारीमा चिया बगान बनाउने तयारीमा जुटेका छौँ, चाङ्गामा घरबास सञ्चालन गरेर पर्यटकको बसाइलाई आरामदायी बनाउने सोचमा छौँ", वडाध्यक्ष खत्रीले भन्नुभयो । अहिले हिउँदयाममा वनभोज र घुमघामका लागि सवारीसाधन हुँदै आन्तरिक पर्यटक यस क्षेत्रमा पुग्ने गरेका छन् । विभिन्न सङ्घसंस्थाले आफ्नो साधारणसभा तथा बैठकसमेत यस क्षेत्रमा आयोजना गर्ने परम्पराको सुरुआत भएको छ । गाउँपालिकाको केन्द्र बाबियाचौरबाट पीपलबोट, पाखु, धारा, सिर्कुम, टीकाबाङ हुँदै एक घण्टा ३० मिनेटको सवारी यात्रा गरेपछि चाङ्गा पुग्न सकिन्छ।

बाबियाचौरबाट छिसबाङ, टीकाबाङ, सिरकुम हुँदै चाङ्गा पुग्न सकिने वैकल्पिक बाटो रहेको छ भने चाङ्गाबाट मङ्गला र बागलुङको ताराखोला गाउँपालिकाको सिमानामा पर्ने धार्मिक पर्यटकीयस्थल तिनचुले जाने पदमार्ग जोडिएको छ।

मङ्गला गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान, प्रचारप्रसार र प्रवर्द्धनका लागि गाउँपालिकाले पहल थालेको अध्यक्ष शतप्रसाद रोकाले बताउनुभयो । उहाँले चाङ्गाबाट देखिने प्राकृतिक सौन्दर्यताले आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना रहेकाले यहाँको पर्यटन विकासमा जोड दिइएको बताउनुभयो।

चाङ्गामा १७ घरधुरीको बसोबास छ। यहाँ परम्परागत रुपमा कोदो, मकै, फापर, तोरीलगायत अन्नबालीसँगै आलु, मुला, सिमी, भटमास, सागलगायतका तरकारीखेतीसमेत हुने गर्छ। परम्परागत रुपमा गाईभैँसी र भेडाबाख्रा पालन हुने यस ठाउँको भ्रमणमा पुग्ने पर्यटकले ग्रामीण र परम्परागत जीवनशैलीको अध्ययन अवलोकनसँगै स्थानीय उत्पादनको स्वाद लिन पाउने सुविधा रहेको छ । शान्त र एकान्त वातावरणमा रमाउन चाहने आन्तरिक पर्यटक यस क्षेत्रमा पुग्ने गरेका छन्।

प्राकृतिक सौन्दर्यता र पर्यावरणका कारण यस क्षेत्रमा आन्तरिकसँगै बाह्यपर्यटकको आगमन बढाउन सकिने सम्भावना रहेको धौलागिरि पर्यटन परिषद्का अध्यक्ष अमर बानियाँले बताउनुभयो । उहाँले चाङ्गालाई केन्द्रित गरेर गाउँपालिकाभित्रका पर्यटकीयस्थल चिनाकोटधुरी, झाँक्रीपानी, तिनचुले, हुँदै चाङ्गा आउने र यहाँबाट मालिका गाउँपालिकाको निस्कोट बराहताल हुँदै रुम दुरलेक जोड्ने गरी ट्रेकिङ ट्रेल बनाउन आवश्यक रहेको बताउनुभयो।

मनोरम हिमाल र ग्रामीण भू-वनोटको दृष्यसँगै जडीबुटी, वन पैदावार, वन्यजन्तु र पक्षीको अवलोकन गर्न पाउनु यस क्षेत्रको थप विशेषता रहेको छ । यस क्षेत्रमा पर्यटन आगमन बनाउनका लागि घरबास सञ्चालन, प्रचारप्रसार र पूर्वाधार निर्माण गर्न आवश्यक रहेको छ।

कच्ची सडकको ट्र्याकलाई स्तरोन्नति गर्ने, पदमार्ग विस्तार गर्दै क्याम्पिङ क्षेत्र बनाउनसकेमा यस क्षेत्रमा पर्यटक आगमन बढाउन सकिने अपेक्षा गरिएको छ।


## पर्वत जिल्लाको विभिन्न ५ वटा सामुदायिक वनमा रहेका खोटेसल्लाको (Pinus roxburghii) रूखहरूबाट खोटो संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०५)**

गण्डकी प्रदेश, पर्वत जिल्लामा श्री माउन्ट रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री माउन्ट रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज प्रा.लि. तिलोत्तमा नगरपालिका-१६, रुपन्देही, लुम्बिनी प्रदेश<br>फोन नं.: +९७७-०७१-५१४०५५<br>ईमेलः mount.rosin@gmail.com |
| प्रस्तावको व्यहोरा | वार्षिक रुपमा अधिकतम ७२,२०० के.जी. देखि न्यूनतम ५०,५४० के.जी. खोटो संकलन कार्य गर्ने |
| प्रभाव पर्ने सामुदायिक वन | जलजला गाउँपालिकाका (सिद्धिचरण सामुदायिक वन, ठूलोसल्लेरी भिरमुनी सामुदायिक वन, गैरीगाँउ देविस्थान सामुदायिक वन, फेदी सौरेनी सामुदायिक वन) र कुश्मा नगरपालिकाको (सल्लेरी सामुदायिक वन) |
| प्रभाव पर्न सक्ने जिल्ला/स्थानीय तह | पर्वत जिल्लाको जलजला गाउँपालिका र कुश्मा नगरपालिका |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. **श्री गण्डकी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, पोखरा, कास्की**
ईमेलः moifec4@gmail.com, फोन नं.: +९७७-६१-५९०३०४
२. **श्री गण्डकी प्रदेश, वन निर्देशनालय पोखरा, कास्की**
ईमेलः wrfdpkr@gmail.com, फोन नं.: +९७७-०६१-५७०३०५
३. **श्री माउन्ट रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज प्रा.लि., तिलोत्तमा-१६, रुपन्देही, लुम्बिनी प्रदेश**
फोन नं.: +९७७-०७१-५१४०५५ ईमेलः mount.rosin@gmail.com
४. **श्री ग्रिनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्ट प्रा.लि., नयाँ बानेश्वर, काठमाण्डौँ**
ईमेलः geec.nepal@gmail.com, फोन नं.: +९७७-९८४६४०४११८